# सहकारी ऐन, २०७४

प्रमाणीकरण मिति २०७४।७।१

संशोधन मिति २०७७/०३/२६

प्रस्तावनाः सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले, आमचोक गाउँपालिकाको सहकारी ऐन, २०७४ लाई संसोधन गर्नको लागि यो प्रस्ताव दर्ता भए वमोजिम संसोधन गरिएको ।

| दफा | अवस्था | संसोधन |
|---|---|---|
| दफा ५ को उपदफा (१) | यस ऐन वमोजिम गठन भएको सरकारी संस्थाले | यस ऐन वमोजिम गठन भएको सहकारी संस्थाले |
| दफा ६ को उपदफा (१) | दरखास्त परेको मितिले ३० दिन भित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसुचि २ को ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ | दरखास्त परेको मितिले १५ दिन भित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसुचि २ को ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ |
| दफा ६ को उपदफा (३) | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका आमचोक गाउँपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ । | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका आमचोक गाउँपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ । तर एक पटकको लागि अनुसूचि २ वमोजिमको दर्ता प्रमाणपत्र अनिवार्य लिनु पर्नेछ । |
| दफा ६ को उपदफा (२) | प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संसोधन गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले संसोधन गर्नु पर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले १५ दिन भित्र निवेदकलाई सूचना दिनु पर्नेछ | प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संसोधन गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले संसोधन गर्नु पर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले ७ दिन भित्र निवेदकलाई सूचना दिनु पर्नेछ |
| दफा ७ को उपदफा (१) | सूचना पाएको मितिले ३० दिन भित्र विनियम संसोधन नगरेमा | सूचना पाएको मितिले १५ दिन भित्र विनियम संसोधन नगरेमा |
| दफा ९ को उपदफा (१) (क) | बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा, | बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा वा शेयर सदस्यको आधारमा स्थानीय तहको सबै वडासम्म |
| दफा ९ को उपदफा (१) (ख) | अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म | अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा गाउँपालिकाको क्षेत्रभित्र सम्म |
| दफा ९ को उपदफा (२) | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ । | १ वडामात्र कार्यक्षेत्र कायम गरी दर्ता भएका संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ । |
| दफा ९ को उपदफा (७) | | दफा ९ को उपदफा (१) (क) (ख) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि १ वडा भन्दा बढी कार्यक्षेत्र बनाउने संस्थाहरुको शेयर सदस्य कम्तिमा प्रति वडा १५/१५ जना हुनु पर्नेछ । |

२०७७।२।२८

| दफा | अवस्था | संसोधन |
|---|---|---|
| दफा २० को उपदफा (१) को (क) | संस्थाको कम्तीमा एक शेयर खरिद गरेको | संस्थाको विनियम अनुसार शेयर खरीद गरेको हुनु पर्नेछ |
| दफा २१ को उपदफा (२) | निवेदनपरेको मितिले पैंतीस दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ । | निवेदनपरेको मितिल सात दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ । |
| दफा २३ को उपदफा (१) (क) | सदस्यले आफ्नो सदस्यता त्याग गरेमा | सदस्यले आफ्नो शेयर रकम फिर्ता लिई सदस्यता त्याग गरेमा |
| दफा २९ को उपदफा (४) | सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।<br>तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ । | सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।<br>तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ । दोश्रो पटकपनि गणपुरक संख्या नपुगेमा ७ दिनभित्र तेश्रो पटक साधारण सभा वोलाउनु पर्नेछ । यसरी तेश्रो पटक बोलाइएको साधारण सभाको गणपुरक संख्या कुल सदस्यको २५ प्रतिशत साधारण सदस्यहरुको उपस्थितिलाई मान्यता दिइनेछ । |
| दफा ४२ को उपदफा (२) र (४) को विच | तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन। | (३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन। |
| दफा ४२ को उपदफा (८) | | संस्थाको साधारण सभाको निर्णय बमोजिम शेयर सदस्य र शेयर कित्ता संख्या थप गर्न सकिनेछ । |
| दफा ४४ को उपदफा (१) | संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानून वमोजिम स्वीकृती लिनु पर्ने छ । | सहकारी संस्थाले स्वदेशी वा विदेशी बैङ्क वा संस्था, सङ्घ वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा साझेदारीमा काम गर्न सक्नेछ । |
| दफा ४४ को उपदफा (२) | विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिएवमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ | विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिनु अघि मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ । |
| दफा ८१ को उपदफा (१)(ङ) | संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा, | संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको एक महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा, |

| दफा | अवस्था | संसोधन |
|---|---|---|
| दफा ८७ को उपदफा (१) | कसैले दफा ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ । | कसैले दफा ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले पैतिस दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ । |
| दफा ८७ को उपदफा (२) | कसैले दफा ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरीदिनु पर्नेछ । | कसैले दफा ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले पैतिस दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरीदिनु पर्नेछ । |
| अनुसूचि २ | दर्ता नं. .............. | सहकारी सव डिभिजन कार्यालयको दर्ता नं...........<br>सहकारी सव डिभिजन कार्यालयको दर्ता मिति.........<br><br>दर्ता.नं. :.............. |

उ. नैराग
०६७।३।१८